# अर्थ बुलेटिन

वर्ष २ अंक ३ २०७७ असोज

## नेपाल सरकार
## अर्थ मन्त्रालय



### प्रमुख आर्थिक झलकहरू

कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेको कारण पैठारीमा संकुचन आए तापनि निकासीमा वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निकासीको अंश वृद्धि भई ९.६ प्रतिशत पुगेको छ। व्यापार घाटा १५.१ प्रतिशतले सुधार भएको छ।

राजस्वमा संरचनागत सुधार भएकोले कुल राजस्वमा आयकरको हिस्सा बढेको छ।

कुल संघीय खर्चमा वृद्धि भए तापनि पूँजीगत खर्चमा भने संकुचन आएको छ।

वैदेशिक सहायता प्रतिवद्धतामा उल्लेख्य वृद्धि भएको छ। विप्रेषण आप्रवाहमा सामान्य वृद्धि भएको छ।चालु खाता बचतमा रहेको छ।

चालु खाता घाटा, शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिमा उल्लेख्य सुधार भएको कारण बाह्य क्षेत्र सबल रहेको छ।

२०७६ असोज मसान्तको तुलनामा २०७७ को सोही अवधिमा नेप्से सूचकाँक ३७.३ प्रतिशतले बढेर १५६२.५ विन्दु कायम भएको छ। बीमाको दायरामा आएको जनसंख्या बढेको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं



## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को असोजसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. १ खर्ब ७८ अर्ब १ करोडको तुलनामा १३.० प्रतिशतले वृद्धि भई रु. २ खर्ब १ अर्ब ८ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. १ खर्ब ८२ अर्ब ६२ करोड, पूँजीगत खर्च रु. १५ अर्ब ५ करोड र वित्तीय व्यवस्था तर्फ रु. ३ अर्ब ४१ करोड रहेको छ।समीक्षा अवधिमा चालु खर्च र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः १६.५ प्रतिशत र १८.४ प्रतिशतले बढेको छ भने पूँजीगत खर्च १८.१ प्रतिशतले घटेको छ । कोभिड-१९ संक्रमणको जोखिमका कारण विकास निर्माणका कार्यहरू निरन्तर सञ्चालन हुन नसक्दा पूँजीगत खर्चमा सुधार हुन सकेको छैन।

**तालिका (क): पछिल्लो ५ वर्षको असोज महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**


| विवरण/आ.व. | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु | ११७९८ | १५९९४ | १७४६१ | १५६७६ | १८२६२ |
| पूँजीगत | १०६६.९ | १५५६.७ | २२५९.७ | १८३७ | १५०५ |
| वित्तीय व्यवस्था | ११०.२२ | २९१.२४ | २६०.२६ | २८८ | ३४१ |
| **कुल खर्च** | **१२९७५** | **१७८४१** | **१९९८१** | **१७८०१** | **२०१०८** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन


२. आर्थिक वर्ष २०७७/७८ को असोजसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब ८९ अर्ब ६७ करोडको तुलनामा ९.१ प्रतिशतले कमी भई रु. १ खर्ब ७२ अर्ब ३६ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व रु. १ खर्ब ६३ अर्ब ४३ करोड र गैरकर राजस्व रु. ८ अर्ब ९४ करोड रहेको छ। यस अवधिमा कुल राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १ खर्ब ९४ अर्ब ९३ करोड रहेको छ।

**चार्ट (क): पछिल्लो ५ वर्षको असोज महिनासम्मको राजस्व परिचालनको प्रवृत्ति (रु. करोडमा)**





स्रोतः अर्थमन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

चार्ट (ख): आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को असोजसम्मको राजस्व संकलनको संरचना




आ.व.२०७६/७७




आ.व. २०७७/७८

तालिका (ख): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०७७/७८ को वार्षिक लक्ष्य | असोज सम्मको राजस्व असुली आ.व. २०७६/७७ | असोज सम्मको राजस्व असुली आ.व. २०७७/७८ | प्रतिशत परिवर्तन | चालु आ.व.को असोज सम्मको लक्ष्य | लक्ष्यको तुलनामा असुली (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १९,३५५.४७ | ३,९०८.७९ | ३,७५७.९२ | (३.८६) | ४,१२९ | ९१.०२ |
| मूल्य अभिवृद्धि कर | ३०,२१६.८७ | ६,४३९.०७ | ५,८०६.३४ | (९.८३) | ६,७३३ | ८६.२४ |
| उत्पादन, बिक्री, सेवा | ११,२०३.६२ | ३,३१८.७४ | २,७३६.४२ | (१७.५५) | २,७३० | १००.२३ |
| पैठारी | १९,०१३.२५ | ३,१२०.३३ | ३,०६९.९२ | (१.६२) | ४,००३ | ७६.६९ |
| अन्तःशुल्क | १५,५५०.४१ | ३,२९०.१० | २,८९७.५८ | (११.९३) | ३,५८० | ८०.९३ |
| आन्तरिक उत्पादन | ९,८९२.२९ | १,८३३.९८ | १,८०४.४२ | (१.६१) | २,२७९ | ७९.१८ |
| पैठारी | ५,६५८.१२ | १,४५६.१३ | १,०९३.१६ | (२४.९३) | १,३०१ | ८४.०० |
| आयकर | २३,८०३.८७ | ३,४९३.९३ | ३,५२५.१३ | ०.८९ | ३,२१७ | १०९.५९ |
| आयकर | २१,५०३.१३ | २,९३२.२१ | २,८८१.२२ | (१.७४) | २,६३७ | १०९.२५ |
| ब्याज कर | २,३००.६२ | ५६१.७३ | ६४३.९१ | १४.६३ | ५८० | १११.११ |
| अन्य कर | २,३६८.४० | ६०९.१२ | ३५५.८४ | (४१.५८) | ४८६ | ७३.२३ |
| कर राजस्व जम्मा | ९१,२९४.९० | १७,७४१.०१ | १६,३४२.८० | (७.८८) | १८,१४५ | ९०.०७ |
| गैर कर | ९,८८०.९४ | १,२२५.८४ | ८९३.६१ | (२७.१०) | १,५८९ | ५६.२४ |
| कूल राजस्व | १०१,१७५.८४ | १८,९६६.८६ | १७,२३६.४० | (९.१२) | १९,७३४ | ८७.३५ |
| अन्य प्राप्ति | - | १,१४७.४४ | २,२५६.४८ | ९६.६५ | - | - |
| **कुल प्राप्ति** | **१०१,१७५.८४** | **२०,११४.३०** | **१९,४९२.८८** | **(३.०९)** | **१९,७३४** | **९८.७८***** |

#अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको। अन्य प्राप्तिमा Last Year's Cash Balance and Beruju Recovery समावेश गरिएको छ। * अन्य प्राप्ति समेत।

स्रोतः अर्थ मन्त्रालय।

३. चालु आर्थिक वर्षको असोजसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयकर बाहेकका अन्य कर शीर्षकमा संकलन भएको राजस्वमा कमी आएको छ।

४. चालु वर्षको असोजसम्मको शीर्षकगत लक्ष्यमा आयकर शीर्षकको राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ भने अन्य शीर्षकको राजस्व संकलनमा कमी आई समग्र राजस्व संकलन लक्ष्यको ८७.३५ प्रतिशत संकलन भएको छ।

## करको दायरा विस्तार

५. २०७७ असोजसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३५ लाख ३३ हजार ३४ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १४ लाख १९ हजार ६ सय ५८ (४०.२ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २१ लाख ७ हजार २ सय ९२ (५९.६ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ६ हजार ८४ (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ६६ हजार ४ सय ८५ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ९१ पुगेको छ।

६. कोभिड-१९ को कारण परिस्थिति सहज हुन नसक्दा करको दायरा विस्तारमा समेत प्रभाव परेको छ।चालु आर्थिक वर्षको असोज मसान्तसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या ७२.७ प्रतिशतले घटेको छ। त्यस्तै मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सङ्ख्या ५१.४ र अन्तशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ५६.३ प्रतिशतले घटेको छ।

**तालिका (ग): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७६/७७ को असोजसम्ममा थप | २०७७/७८ को असोजसम्ममा थप | प्रतिशत परिवर्तन | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर BPAN) | १३५८९३४ | ९८७६० | ६०७२४ | -३८.५ | १४१९६५८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | ६१५८५१ | १३३८४० | -७८.३ | २१०७२९२ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | १३१२ | ९७८ | -२५.५ | ६०८४ |
| जम्मा स्थायी लेखा नम्बर | ३३३७४९२ | ७१५९२३ | १९५५४२ | -७२.७ | ३५३३०३४ |
| मू.अ.कर | २५५९६३ | २१६५१ | १०५२२ | -५१.४ | २६६४८५ |
| अन्तः शुल्क | ९४२९२ | १३२६१ | ५७९९ | -५६.३ | १०००९१ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## सार्वजनिक वित्तका अन्य गतिविधि

७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गरिएको छ ।

८. IPS Connect मार्फत कर दाखिला गरी अनलाइन अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

९. आ.व २०७६.७७ मा थप भएका ५ वटा आन्तरिक राजस्व कार्यालय र २० वटा करदाता सेवा कार्यालयहरु मध्ये सबै आन्तरिक राजस्व कार्यालय र १४ वटा करदाता सेवा कार्यालयहरु संचालनमा आएका छन्। बाँकी ६ वटा करदाता सेवा कार्यालयमा कर्मचारी व्यवस्थापन गरिएको छ। कार्यालय व्यवस्थापन र Networking को कार्य भईरहेको छ।

१०. विभिन्न सार्वजनिक संस्थानको नाममा नेपाल सरकारबाट भएको शेयर/ऋण लगानीमा महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित संस्थानबाट पेश हुन आएको विवरणमा शेयर/ऋण रकम फरक परेकोले फरक रकम मिलान गर्ने सम्बन्धमा स्पष्ट प्रमाण सहितको प्रतिक्रिया म.ले.नि.का.मा पठाइ अभिलेख अद्यावधिक गरी सोको जानकारी गराउन सम्बन्धित संस्थानहरुलाई पत्राचार गरिएको छ ।


## अन्तर्राष्ट्रिय विकास सहायता

११. आर्थिक वर्ष २०७७/७८ को असोज महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आ.व.को सोही अवधिको रु. १५ अर्ब ६७ करोडको तुलनामा ४४४.८ प्रतिशतले वृद्धि भई रु. ८५

अर्ब ४० करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता रु. ७ अर्ब ९८ करोड र ऋण सहायता रु. ७७ अर्ब ७२ करोड रहेको छ।

१२. कुल वैदेशिक सहायता प्रतिवद्धतामा सडक तथा सुशासन क्षेत्रमा ६३ प्रतिशत, उर्जा क्षेत्रमा ३३ प्रतिशत, शिक्षा क्षेत्रमा २ प्रतिशत र पुनर्निर्माण र कोभिड-१९ नियन्त्रण र रोकथाम क्षेत्रमा १/१ प्रतिशत हिस्सा रहेको छ।

**चार्ट (ग): आर्थिक वर्ष २०७७/७८ को असोजसम्मको वैदेशिक सहायता प्रतिवद्धताको संरचना**




स्रोतः अर्थ मन्त्रालय।

१३. वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको थियो।

## वित्तीय क्षेत्र

१४. २०७६ भदौसम्म ७३९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा संख्या पुगेकोमा २०७७ भदौसम्म यस्तो संख्या ७४७ पुगेको छ। त्यस्तै २०७६ असोजमसान्तमा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६५ रहेकोमा २०७७ असोज मसान्तमा यस्तो संख्या १४६ कायम भएको छ। २०७६ असोजमसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ८६८६ रहेकोमा २०७७ असोजमसान्तमा यस्तो सङ्ख्या ९९०३ पुगेको छ।

## वित्तीय क्षेत्रका अन्य गतिविधि

१५. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०६/०८ को निर्णयानुसार स्वीकृत भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि (तेस्रो संशोधन), २०७७ कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकमा पठाइएको छ।

१६. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०६/०८ को निर्णयानुसार स्वीकृत भएको कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७ कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ।

## बीमा क्षेत्र

१७. चालु आर्थिक वर्षको असोज महिनासम्म अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.९४ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ८६ करोड बीमा प्रिमियम संकलन भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रु. ३१ अर्ब ४० करोड ८ लाख रहेको थियो।


१८. जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८१.० प्रतिशत र १९.० प्रतिशत रहेको छ।

१९. २०७७ असोजसम्म बिमाको दायरामा आएको जनसंख्या २२.२ प्रतिशत र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसंख्या २५.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसंख्या क्रमशः २०.४ प्रतिशत र २५.० प्रतिशत रहेको थियो।

## पूँजी बजार

२०. २०७६ असोजमसान्तमा ११३७.७५ विन्दुमा रहेको नेप्से सूचकाङ्क ३७.३३ प्रतिशतले बढेर १५६२.४६ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ४४.१ प्रतिशतले वृद्धि भई रु. २० खर्ब ८२ अर्ब ५८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. १४ खर्ब ४५ अर्ब ५६करोड रहेको थियो।


**चार्ट (घ) पछिल्लो ५ वर्षको असोज मसान्तको नेप्से सूचकांक**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२१. असोज महिनाको १ गते नेप्से सूचकांक १५७२.२ विन्दुमा रहेकोमा असोज २२ मा महिनाकै सबैभन्दा उच्च १५८९.६ विन्दुमा पुगी असोज मसान्तमा १५६२.५ विन्दुमा रहेको छ।

**चार्ट (ङ) असोज महिनाको नेप्से सूचकांकको प्रवृत्ति**





स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

२१. २०७७ भदौमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फिति ४.५२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ६.१६ प्रतिशत रहेको थियो। २०७७ भदौमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.९१ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति २.६८ प्रतिशत रहेको छ। २०७६ भदौको तुलनामा तरकारी एवम् दाल तथा गेडागुडीको मूल्य वृद्धि उच्च रहेको छ।

**चार्ट (च): वार्षिक विन्दुगत आधारमा पछिल्लो ५ आर्थिक वर्षको भदौ महिनाको उपभोक्ता मुद्रास्फितिको प्रवृत्ति**




स्रोत: नेपाल राष्ट्र बैंक

## बाह्य क्षेत्र

### वस्तु निकासी

२१. आर्थिक वर्ष २०७७/७८ को असोज महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.३ प्रतिशतले वृद्धि भई रु. ३१ अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रु. २७ अर्ब १७ करोड रहेको थियो।

२२. समीक्षा अवधिमा भारत तर्फको वस्तु निकासी १९.४ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निकासी ५३.२ प्रतिशतले घटेको छ। अन्य देश तर्फको निकासीमा भने १७.६ प्रतिशतले वृद्धि भएको छ।

२३. चालु आर्थिक वर्षको असोज महिनासम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ६८.७ प्रतिशत, ०.७ प्रतिशत र ३०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६५.८ प्रतिशत, १.७ प्रतिशत र ३२.६ प्रतिशत रहेको थियो।

२४. यस वर्ष प्रशोधित भटमासको तेल, चिया, अलैंची लगायतका वस्तुको निकासी बढेको छ।

**तालिका (घ) : असोज महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)**

| क्र.सं. | वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १ | भटमासको तेल प्रशोधित | ५५.२१ | ७६०.७३ | १२७७.९ |
| २ | चिया | २२.९४ | २१८.०२ | ८५०.४ |
| ३ | उनी गलैंचा कार्पेट | ६४.०३ | २०४.०३ | २१८.६ |
| ४ | सेन्थेटिक यार्न | ७१.०२ | १९८.०५ | १७८.९ |
| ५ | तयारी कपडा | ५६.०१ | १६२.३४ | १८९.८ |
| ६ | अलैची | २३.६९ | १४७.२२ | ५२१.४ |
| ७ | जमोठ कपडा | २१.८८ | १३२.०२ | ५०३.४ |
| ८ | फलफुलको जुस | ३५.४८ | ९९.७५ | १८१.१ |
| ९ | जुटका बुनिएका कपडा | २६.४६ | ९९.६६ | २७६.६ |
| १० | अन्य कपडा(उनी,सुती, टेरीकटन बाहेकका) | २१.४२ | ७७.९२ | २६३.८ |
| ११ | अन्य | २३१८.५२ | १००४.८७ | -५६.७ |
| | जम्मा | २७१६.६६ | ३१०४.६१ | १४.३ |

स्रोत: भन्सार विभाग ।

### वस्तु पैठारी

२५. चालु आर्थिक वर्ष २०७७/७८ को असोज महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको ३ खर्ब ३४ अर्ब ९५ करोडको तुलनामा १२.७ प्रतिशतले कमी आई रु. २ खर्ब ९२ अर्ब २७ करोड रहेको छ।

२६. यस अवधिमा भारत, चीन र अन्य देशहरूबाट भएको पैठारी क्रमशः ६.६प्रतिशत, २६.९ प्रतिशत र १९.० प्रतिशतले घटेको छ।

२७. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६६.२ प्रतिशत, १४.८ प्रतिशत र १८.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो

अनुपात क्रमशः ६१.९ प्रतिशत, १७.७ प्रतिशत र २०.४ प्रतिशत रहेको थियो।

२८. चालु आर्थिक वर्ष २०७७/७८ को असोज महिनासम्म मोवाइल टेलिफोन, भटमासको कच्चा तेल, चामल लगायतका वस्तुको आयात बढेको छ।

**तालिका (ङ) : असोज महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)**


| क्र.सं. | वस्तुको नाम | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १ | मोवाइल टेलिफोन | ७१९.०६ | १११०.१३ | ५४.४ |
| २ | एम.एस.विलेट | १००४.६१ | ९८५.८२ | -१.९ |
| ३ | डिजेल | २०१६.३९ | ८९६.०१ | -५५.६ |
| ४ | भटमासको तेल कच्चा | ३९८.९३ | ८१३.९५ | १०४.० |
| ५ | चामल | ३८४.०७ | ७४७.८७ | ९४.७ |
| ६ | तयारी कपडा | १०९०.२८ | ७१८.२१ | -३४.१ |
| ७ | एल पि ग्यास | ६६३.३ | ६२४.०३ | -५.९ |
| ८ | एच.आर.सिट | ८०१.९८ | ५९७.९९ | -२५.४ |
| ९ | पेट्रोल | ९३२.२१ | ५४९.७१ | -४१.० |
| १० | पोलीथिन दाना | ५६२.६६ | ५३५.४६ | -४.८ |
| ११ | अन्य | २४९२१.६ | २१६४७.६७ | -१३.१ |
| **जम्मा** | | **३३४९५** | **२९२२६.८५** | **-१२.७** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

२९. निर्यातमा भएको वृद्धि र आयातमा भएको कमिका कारण वस्नु व्यापार घाटा सुधारोन्मुख छ। कुल व्यापारमा निकासीको अंश बढ्दो क्रममा छ।


**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)**




स्रोतः भन्सार विभाग

३०. आर्थिक वर्ष २०७७/७८ को असोज महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.१३ प्रतिशतले घटेर रु. २ खर्ब ६१ अर्ब २२ करोड मा झरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. ३ खर्ब ७ अर्ब ७८ करोड थियो।

**चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३१. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.६ प्रतिशत र ९०.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३२. आर्थिक वर्ष २०७७/७८ को पहिलो दुई महिनामा कुल सेवा आय गत वर्षको संशोधित सेवा आय रु. २७ अर्ब १ करोडको तुलनामा ५१.७ प्रतिशतले संकुचन भई रु. १३ अर्ब २ करोड रहेको छ। साथै यस अवधिमा सेवा खर्चमा ४३.६ प्रतिशतले संकुचन भई रु. १८ अर्ब ५० करोड रहेको छ।

३३. समीक्षा अवधिमा खुद सेवा आय रु. ५ अर्ब ४५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु. ५ अर्ब ८० करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

३४. आर्थिक वर्ष २०७६/७७ को पहिलो दुई महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको रु. १ खर्ब ५३ अर्ब ३५ करोडको तुलनामा ८.१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६५ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह ०.६ प्रतिशतले घटेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३५. आर्थिक वर्ष २०७७/७८ को भदौ महिनासम्म शोधनान्तर स्थिति रु. ६७ अर्ब ६३ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ८ अर्ब ८३ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस

अवधिमा चालु खाता रु. २६ अर्ब ७ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको पहिलो दुई महिनामा चालु खाता रु. २२ अर्ब ६९ करोडले घाटामा रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

३६. आर्थिक वर्ष २०७६ भदौ मसान्तमा रु. १० खर्ब ७८ अर्ब ९४ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७७ को सोही अवधिमा ३२.९ प्रतिशतले बढेर १४ खर्ब ३३ अर्ब ६७ करोड पुगेको छ।

३७. आर्थिक वर्ष २०७७/७८ को भदौ सम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १६.५ महिनाको वस्तु र करिब १४.९ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

### विनिमय दर

३८. २०७७ असार मसान्तको तुलनामा २०७७ भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.४ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११७.५४ पुगेको छ। २०७६ असार मसान्तमा उक्त विनिमय दर रु.१२०.३७ रहेको थियो।

### अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

३९. आर्थिक वर्ष २०७६/७७ को असोज महिनासम्म दर्ता भएका कम्पनीको संख्या ७४२४ रहेकोमा चालु आर्थिक वर्षको असोज मसान्तमा यस्तो सङ्ख्या १.० प्रतिशतले वृद्धि भई ७४९८ भएको छ। कोभिड-१९ को महामारीको बाबजुद आर्थिक कृयाकलाप पुनः शुरु भएको देखिन्छ।

### पर्यटक आगमन

४०. सन् २०२० को अक्टोवर महिनासम्म हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८१.४ प्रतिशतले न्यून भई १ लाख ८० हजार १ सय ३१ रहेको छ। सन् २०१९ को सोही अवधिमा यस्तो सङ्ख्या ९ लाख ६६ हजार २३ रहेको थियो। कोभिड-१९ को विश्वव्यापी महामारीको कारण आन्तरिक एवम् बाह्य आवागमनको लागि हवाई तथा स्थल यातायातका साधनहरू बन्द भएकोले यसको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा पर्दै आएको छ।

## अन्य गतिविधि

माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यूले मिति २०७७/६/२९ मा पदभार ग्रहण गर्नुभई उच्च पदस्थ पदाधिकारी एवम् कर्मचारीहरूलाई निर्देशन दिनुभयो। सो क्रममा माननीय अर्थमन्त्रीज्यूले कोभिड-१९ को महामारीबाट शिथिल अर्थतन्त्रको पुनरुत्थानको लागि सम्पूर्ण ध्यान केन्द्रित गर्दै राजस्वका लक्ष्यहरू पूरा गर्न, बाह्य सहयोगमा वृद्धि गर्न, सुशासन र मितव्ययीतालाई उच्च प्राथमिकतामा राख्न तथा बजेटले अवलम्बन गरेका सम्पूर्ण नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयन गर्न सबैले गहन भूमिका निर्वाह गर्न समेत निर्देशन दिनुभयो।